# तातोपानी गाउँपालिका
# जुम्ला

| |
|---|
| स्थानीय राजपत्र |
| **खण्ड : ७ सङ्ख्या : २ मिति : पौष १३, २०८०** |
| **भाग - १** |
| तातोपानी गाउँपालिका ,जुम्ला |
| स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) वमोजिम तातोपानी गाउँपालिका ,गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीका लागी यो राजपत्र प्रकाशन गरीएको छ। |
| **दिवा खाजा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि,२०८०** |
| कार्यपालिका बाट स्विकृत मितिः२०८०।१०।२५ गते |
| प्रमाणिकरण मितिः२०८०।१०।२९ गते |

भाग-१

## तातोपानी गाउँपालिका

गाउँसभा बैठक बाट पारित मिति : २०८०।१०।२५

प्रमाणिकरण मिति :२०८०।१०।२९

## दिवा खाजा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८०

स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार आधारभुत तहसम्मको शिक्षा संघिय सरकारको मापदण्डको आधारमा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानिय तहलाई प्रदान गरेको सर्न्दभमा सो आधारभुत तहसम्मको शिक्षालाई निशुल्क तथा अनिवार्य गराउनका लागी एउटा महत्वपुर्ण कार्यक्रम विद्यालयमा वालवालिकालाई दिवा खाजाको व्यवस्था गर्नु हो । यस कार्यक्रमलाई सहजिकरण गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजिकरण पुस्तिका,२०७६ जारी गरेको सर्न्दभमा यस कार्यक्रमको संचालन तथा व्यवस्थापनलाई सुव्यवस्थित गर्नका लागी यस तातोपानी गाउँपालिकाबाट दिवा खाजा संचालन तथा व्यवस्थापन कार्यविधि २०८० जारी गरीएको छ ।

### परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम दिवा खाजा संचालन तथा व्यवस्थापन कार्यविधि २०८० रहेको छ

ख) यो कार्यविधि गाउँ सभाबाट पारित भइ स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

ग) यो कार्यविधि विद्यालयमा दिवाखाजा कार्यक्रम लागु भएका विद्यालयहरुको हकमा मात्र लागु हुनेछ

**२. परिभाषा :**

क) **"दिवा खाजा"**भन्नाले विद्यालयमा विद्यार्थीहरुका लागी व्यवस्था गरीएको खाजा कार्यक्रम सम्फनु पर्दछ ।

ख) **"प्रधानाध्यापक"** भन्नाले सम्वधित विद्यालयको प्रधानाध्यापकलाई सम्फनु पर्दछ । सो शब्दले निजि तथा संस्थागत विद्यालयका प्र.अ लाई समेत जनाउछ ।



### परिच्छेद-२

## दिवा खाजा कार्यक्रमको उद्देश्य तथा लक्षित वर्ग/समुह

**३. उद्देश्य :**

संघिय सरकारले विद्यालयमा पढ्ने वालवालिकाको शिक्षामा पहुच निरन्तरता,गुणस्तर,अभिवृद्धि र स्वास्थ्यमा सुधारका लागी संचालित दिवा खाजा कार्यक्रमका उद्देश्यहरुलाई पुरा गर्ने गरी यस पालिकाले दिवा खाजा कार्यक्रमको लागी परिपुरक उद्देश्यहरु निर्धारण गरेको छ जुन देहाय वमोजिम हुनेछ ।

क) विद्यालयमा विद्यार्थीको नतिजामुखी उपस्थिति ।

ख) विद्यार्थीको पोषणका आहारमा सुधार ।

ग) विद्यालय विचैमा छोड्ने प्रवृतिमा कमि

घ)स्थानिय कृषि उपजलाई बढावा दिन ।

ङ) स्थानिय अर्थतन्त्रमा टेवा पुर्याउन ।

**४. लक्षित समुह :**

संघिय सरकारले तोकेको सबै सामुदायिक विद्यालयका पुर्व प्राथमिक तह देखी कक्षा ५ सम्मका सबै विद्यार्थी यस कार्यक्रमको लक्षित समुह हुनेछ ।

### परिच्छेद-३

## दिवा खाजाको पोषण मापदण्ड र मेनु सम्बन्धी व्यवस्था

**५.पोषण मापदण्ड :**

संघिय सरकारवाट तोकिएको पोषण मापदण्डलाई (दैनिक रुपमा चाहिने वृहत तथा शुक्ष्म पोषक तत्वहरु मात्राको २० प्रतिशत दिवा खाजाबाट प्राप्त हुनुपर्छ) पुर्णरुपले पालना गर्न देहाय वमोजिमको व्यवस्था गरीनेछ ।

**क) प्रत्येक एक व्यक्ति (विद्यार्थी) को लागी निम्न अनुसार खाध्य सामाग्री मात्रा हुनेछ ।**

| खाध्य सामाग्री समुह | वाल विकास देखी कक्षा ५ सम्मको लागी मात्र (ग्राममा) | कक्षा ६ देखी माथी लागी मात्रा (ग्राममा) | कैफियत |
|---|---|---|---|
| अन्न(चामल,वा गहु,कोदो,मकै) | ८० | १०० | |
| दलहन | २० | २५ | |
| हरियो तरकारी | ५० | ७५ | |
| खाने तेल | ५ | ७.५ | |
| पशुजन्य | ३० | ४० | हप्तामा एक वि[illegible] मात्र |
| फलफुल | १ वटा | १ वटा | हप्तामा एक वि[illegible] मात्र |
| मरमसला | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |

तर हाललाई संघीय सरकारबाट प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म मात्र दिवा खाजा अनुदान बापत प्राप्त हुने र पछि संघीय सरकारले थप कक्षाहरुमा दिवा खाजामा अनुदान दिएमा माथि उल्लेखित भए बमोजिम लागु हुनेछ ।

ख) सबै विद्यालयले माथी उल्लेखित खाध्य सामाग्रीहरुको न्युनतम मात्रा अनिवार्य रुपले पालना गर्नुपर्नेछ ।

### ६. दिवा खाजाका लागी मेनु :

तोकिएको पोषण मापदण्ड र खाद्य सामाग्रीहरुको मात्राको आधारमा यस पालिका अर्न्तगत सम्पुर्ण विद्यालयको लागी एउटै दिवा खाजाको सामुहिक मेनु हुनेछ । मेनुका लागी देहाय बमोजिमको व्यवस्था गरीनेछ ।

क) दिवा खाजाको मेनु निर्माणका लागी सहकारी,कृषि तथा अन्य समुहहरु संघसंस्थाहरु कृषि,पोषण,स्वास्थ्य बिज्ञको परामर्श र विद्यालय,शिक्षक,वि.व्य.स र आमाहरुको सल्लाहमा हुनेछ ।

ख) दिवा खाजाको मेनु पुर्णरुपले यस पालिकाको उत्पादनमा आधारित हुने वा स्थानिय उत्पादनलाई प्रोत्साहन गर्ने किसिमको हुनेछ ।

ग) हिंउदे र वर्षे मौसम गरी २ वटा मेनुको सेट निर्माण गरीनेछ ।

घ) प्रत्येक दिनको खाजा मेनु अलग अलग हुने तथा एक दिनको मेनु सबै विद्यालयमा एउटै हुने गरी साप्ताहिक मेनु लागु हुनेछ ।

ङ) वर्षको एक पटक मेनुको पुनरावलोकन गर्न सकिनेछ । पहिलो पटक लाई अनुसुची "घ" अनुसार हुनेछ ।

## परिच्छेद-४

## दिवा खाजाका लागी चाहिने पुर्वाधार सम्बन्धी व्यवस्था

### ७. भण्डारण सहितको भान्साकोठा :

पालिकाले आफना मातहतका सम्पुर्ण विद्यालयलाई भण्डार सहितको भान्सा निर्माण गर्न प्रत्येक १० वर्षमा एक पटक देहाय बमोजिमको सहयोग गर्नेछ । पहिलो पटक दिवा खाजाका लागी विनियोजित सर्शत अनुदान बाट उक्त रकम उपलब्ध गराईनेछ ।

क) ७५ सम्म विद्यार्थी संख्या भएको विद्यालयलाई रु ३०००० वा सो वरावरको निर्माण सामाग्री

ख) ७६ देखी १५० सम्म विद्यार्थी संख्या भएको विद्यालयलाई रु ४०००० वा सो वरावरको निर्माण सामाग्री

ग) १५१ देखी २५० सम्म विद्यार्थी संख्या भएको विद्यालयलाई रु ५०००० वा सो वरावरको निर्माण सामाग्री

घ) २५० भन्दा माथी विद्यार्थी सख्या भएको विद्यालयलाई रु ६०००० वा सो वरावरको निर्माण सामाग्री

ङ) पालिकाले उपलब्ध गराएको नगद वा सामाग्री नपुग भएमा विद्यालयले वि.व्य.स को सहकार्यमा स्थानिय समुदाय दाता अन्य संघ संस्थाहरुको सहयोगमा भण्डारण सहितको भान्सा निर्माण गर्न छन ।

च) भण्डारण सहितको भान्सा निर्माण गर्दा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजिकरण पुस्तिका २०७६ मा तोकिएको ढाँचामा मात्र निर्माण गर्नुपर्नेछ । साथै स्थानिय निर्माण सामाग्रीको वहुप्रयोग गरीनेछ ।

### ८. भान्सामा प्रयोग हुने सामाग्रीहरुको (पकाउने र खाने वर्तन)

पालिकाले आफना मातहतका सम्पुर्ण विद्यालयलाई दिवा खाजा तयार वितरण र खुवाउनेलाई चाहिने आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्न प्रत्येक ५ वर्षमा एक पटक देहाय बमोजिमको सहयोग गर्नेछ । पहिलो पटक दिवा खाजाको लागी विनियोजित सर्शत अनुदान बाट उक्त रकम उपलब्ध गराइने छ ।

क) ७५ सम्म विद्यार्थी संख्या भएको विद्यालयलाई रु१०००० वा सो वरावरको भान्सा सामाग्रीहरुको एक सेट

ख) ७६ देखी १५० सम्म विद्यार्थी संख्या भएको विद्यालयलाई रु १५००० वा सो वरावरको भान्सा सामाग्री एक सेट

ग) १५१ देखी २५० विद्यार्थी संख्या भएको विद्यालउलाई रु २०००० वा सो वरावरको भान्सा सामाग्री एक सेट

घ) २५० भन्दा माथी विद्यार्थी संख्या भएको विद्यालयलाई रु २५००० वा सो वरावरको भान्सा सामाग्री एक सेट



ङ) यसरी विद्यालयले भान्सा सामाग्री व्यवस्थापन गर्दा **"सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजिकरण पुस्तिका २०७६"** मा तोकिएको विद्यार्थी संख्याको आधारमा चाहिने न्युनतम भान्सा सामाग्रीहरु व्यवस्था गर्नेछ । तर स्वास्थ्यमा प्रतिकुल असर पर्नेखालका प्लाष्टिकजन्य भाडाँ वर्तन प्रयोग गर्न पाइनेछैन ।

### ९. चुलो र ईन्धनको व्यवस्थापन :

विद्यालयहरुले दिवा खाजा तयार गर्न र ईन्धनको व्यवस्थापन आफै गर्नुपर्नेछ । विद्यालयहरुले संघिय सरकारले तोकेको रकम खाध्य सामाग्रीहरुको र भान्सेको लागी खर्च गरी बाकी रहेको रकम बाट चुलो र ईन्धनको व्यवस्थापन गर्नेछ । यसो गर्दा रकम अपुग भएमा वालवालिकाहरुले स्थानिय तह,प्रदेश सरकार,अभिभावक वा अन्य दाताहरुसंग सहयोग जुटाउन सक्नेछ । यदि विद्यालयले एल.पि.जी ग्यास चुला प्रयोग नगरी दाउरा चुलो प्रयोग गरेको खण्डमा यस्तो चुलो **"सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका २०७६"**मा तोकिएको अनुसारको धुँवा रहित वातावरणमैत्री चुलो मात्र प्रयोग गर्नेछ । पालिकाले विद्यालयहरुमा यस्तो चुलो निर्माणका लागी नेपाल सरकारको सम्वन्धित निकाय **वैकल्पिक उर्जा प्रवर्धन केन्द्र** वा यसले तोकेको संस्थासंग सहकार्य गरी आवश्यक सहयोग गर्नेछ ।

## परिच्छेद-५

## दिवा खाजाको खरिद तथा तयारी र रकम निकासासम्वन्धी व्यवस्था

### १०. दिवा खाजाको लागी खाध्य सामाग्री खरिद :

यस गाउँपालिकामा खाध्य सामाग्रीहरुको खरिद देहाय बमोजिम हुनेछ ।

क) दिवा खाजाका लागी चाहिने खाध्य सामाग्रीहरुको खरिद संघिय सरकारले तोकेको मोडेलहरुमध्येको विद्यालय केन्द्रित वाहय स्रोत मोडेलबाट हुनेछ ।

ख) यस अन्तंगत विद्यालयले पालिकाबाट पहिचान भएको महिला वा कृषि सहकारी,किसान समुह वा अन्य आपुर्तीकर्तासंग खाध्य सामाग्री खरिद तथा आपुर्ती गर्नेछ ।

ग) यस्ता जोसुकै आपुर्तीकर्ता दिवा खाजाका लागी चाहिने सम्पुर्ण खाध्य सामाग्रीहरु (स्थानिय स्तरमा उत्पादन नहुने बाहेक) स्थानिय स्तरमा उत्पादित भएको हुनुपर्छ । तोकिएको सम्फौता अवधिमा ५० प्रतिशत भन्दा कम मुल्य वरावरको स्थानिय उत्पादित खाध्य सामाग्रीहरु आपुर्ती भएमा विद्यालयले सस्तो आपुर्तीकर्ता संग खरिद सम्फौता नविकरण गर्न छैन ।

### ११. खाजा तयारी तथा व्यवस्थापन सम्बन्धी व्यवस्था :

यस पालिका अर्न्तगतका विद्यालयले दिवा खाजा तयारीका लागी देहाय बमोजिमको उपायहरु गर्नेछ,

क) ५० जना भन्दा कम विद्यार्थी भएका विद्यालयहरुले तोकेको विद्यालय खाजा व्यवस्थापन समितिले विद्यालयको कार्यालय सहयोगी/स्वंयमसेवक भान्से परिचालान गरी दिवा खाजा संचालन गराउनेछ ।

ख) ५० जना भन्दा बढि विद्यार्थी संख्या भएका विद्यालयमा स्वयमसेवक भान्से परिचालन गरी दिवा खाजा तयारी गराउने व्यवस्थापन गराउनेछ । सो स्वयमसेवक भान्से परिचालन गर्दा पहिलो आमाहरु उपलब्ध नभएमा मात्र भान्सेको लागी अन्य व्यक्ति प्रयोग गर्न पाईनेछ ।

ग) यस्ता दिवा खाजा तयार गर्ने भान्से स्वयमसेवक भएपनि उनिहरुले गरेको परिश्रमलाई सम्मान गर्ने केहि रकम उपलब्ध गराउन सक्नेछन ।

घ) सुरक्षाको दृष्टिले पहिले प्रधानाध्यापक वा फोकल शिक्षकले तयार भएको खाजा खाएर रुजु गरेपछि मात्र वितरण गर्नेछ ।

ङ) तयारी भएको खाजा वितरण शिक्षकहरुको उपस्थिति तथा सहयोगमा मात्र हुनेछ । वितरण गर्दा पहिलो सबभन्दा साना कक्षा देखी शुरु गरी क्रमश माथिको कक्षाहरुलाई मात्र वितरण गर्ने ।

## १२. दिवा खाजाको लागी रकम निकासा :

संघिय सरकारबाट प्राप्त विद्यार्थी भर्ना अनुसारको रकम प्रत्येक विद्यालयको खातामा मासिक/चौमासिक रुपमा पेश्की स्वरुप पठाउनेछ । यसको लागी विद्यालयको पछिल्लो चौमासिकको प्रगती विवरण सहित अनुदान निकाशा फारम भरि अनुसुची (क) पालिकाको शिक्षा शाखामा पेश गर्नेछ । पहिलो पटकलाई पछिल्लो चौमासिक विवरण आवश्यक पर्ने छैन,

ख) पालिकाले रकम निकासा गदा विद्यालयले पेस गरेको पछिल्लो प्रगति विवरण सहितको मासिक/चौमासिक खर्च फछ्यौट गरी मौज्दात रकमलाई कटाई अर्को मासिक/चौमासिकको लागी थप निकासा दिईने छ ।

ग) माथिको रकम निकासाका लागी विद्यालयले अनुसुची (क) अनुसारको माग फारम भरि पालिकाको शिक्षा शाखा पेस गर्नेछ ।

घ) भण्डारण सहितको भान्साकोठाको निकासाको लागी विद्यालयले पहिले तोकीएको ढाँचा अनुसारको भान्सा निर्माणको लागी आवश्यक खर्च लागत अनुमान गरी सो खर्चको लागी आवश्यक अपुग श्रोत पहिचान समेत गरी वडा कार्यालयको सिफारिस सहित पालिकामा निवेदन पेश गर्ने ।

ङ) पालिकाको शिक्षा शाखाले यस निवेदनलाई रुजु गरी तोकिएको रकम वा सामाग्रीको निकासाका लागि गाउँ कार्यपालिकाको वैठकमा पेश गर्नेछ ।

च) भान्सा सामाग्रीहरुको लागी पनि तोकिएको मापदण्ड अनुसारको आवश्यक खर्च लागत अनुमान गरी सो खर्चको लागी आवश्यक अपुग श्रोत पहिचान सहित वडा कार्यालयको सिफारिस सहित पालिकामा निवेदन पेश गर्नेछ र सो निवेदनको आधारमा तोकिएको रकम वा सामाग्री पालिकाले निकाशा गर्नेछ ।



### परिच्छेद -६

## दिवा खाजा संचालनको लागी कार्यान्वियन प्रकृया तथा संस्थागत संरचना

**(मानव स्रोत संवन्वय समिति सम्बन्धि व्यवस्था :**

## १३. स्थानिय तहको कार्यक्रम कार्यान्वय संयन्त्र :

**स्थानिय तह भित्रका बिद्यालयमा**

दिवा खाजा व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकामा रहने सामाजिक विकास समितिलाई नै हुनेछ । यसका लागी देहायबमोजिमका सदस्यहरु समेत हुने गरी एक उपसमिति गठन गरीनेछ ।

| | |
|---|---|
| क) उपाध्यक्ष | अध्यक्ष |
| ख) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ग) पालिका प्रमुखले तोकेको वडा अध्यक्ष मध्ये एक जना | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) विद्यालय व्यवस्थापन समिति अध्यक्ष मध्येबाट पालिका प्रमुखले तोकेको एक जना | सदस्य |
| च) आधाभुत तहका शिक्षकहरु मध्येबाट समितिका पालिका प्रमुखले मनोनित गरेको एक जना | सदस्य |
| छ) स्थानिय तह भित्रका महिला शिक्षकमध्ये समितिका पालिका प्रमुखले मनोनित महिला शिक्षक एक जना | सदस्य |
| ज) स्वास्थ्य र कृषि विकास हेर्ने शाखा प्रमुखहरु दुई जना | सदस्य |
| झ) स्थानिय तहको शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

## १४. आमा समुह गठन :

पालिका अर्न्तगतका प्रत्येक विद्यालयहरुले वि.व्य.स को अगुवाईमा दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयनमा सहयोग जुटाउन ५ देखी १० जना एक समुहमा पर्ने गरी आमाहरुको समुह सुची बनाउने छ । यी आमाको समुहहरुले पालैपालो विद्यालयमा दिवा खाजाका लागी खरिद भएको खाध्य सामाग्रीहरु परिक्षण गरी प्राप्त गर्ने खाजा तयारी,वितरण,सरसफाई तथा फोहोर व्यवस्थापन जस्ता कार्यहरुमा सहयोग तथा अनुगमन गर्नेछ ।

## १५. विद्यालय व्यवस्थापन समिति र आमा समुहको कामः

वि.व्य.स ले विद्यालय र आमा समुहसंग सल्लाह र सहयोगमा निम्न कार्यहरु गर्नेछ ।

क) पालिकाले दिवाखाजाको लागी तोकेको न्युनतम मापदण्ड र आवश्यक पुर्वाधारहरुको व्यवस्थापन ।

ख) न्युनतम मापदण्ड र आवश्यक पुर्वाधारहरुको व्यवस्थापनको लागी चाहिने आर्थिक तथा जिन्सि स्रोत व्यवस्थापनको लागी वडा कार्यालय, पालिका लगाएत अन्य निकाय र दातृसंस्थासंग सहकार्य ।

ग) पालिकाले दिवा खाजाको लागी तोकेको मेनुको र अन्य पोषण मापदण्डलाई चाहिने खाध्य सामाग्रीहरुको लागी अनुसुची (ख) अनुसारको खरिद योजना तयार गर्नेछ ।

घ) खरिद योजना अनुसार पालिकाले पहिचान गरेको कृषि सहकारी अन्य सहकारी वा किसान समुह संग आवश्यक परिमाण सहितको खाध्य सामाग्रीहरुको खरिद तथा आपुर्तीको लागी अनुसुची (ग) अनुसारको ढाँचामा सम्झौता गर्नेछ ।

ङ) आमा समुहलाई तोकीएको कार्यको लागी रुटिन अनुसार परिचालन गर्ने ।

च) दिवा खाजा संचालनका लागी तोकीएको मापदण्ड अनुसारको रकम वा अन्य श्रोतहरुको निकासाको लागी आवश्यक कागजात तथा प्रक्रिया पुरा गरी पालिकाको शिक्षा शाखामा पेश गर्नेछ ।

छ) खाध्य सामाग्री आपुर्तीकर्तालाई तोकीएको समयमा रकम उपलब्ध गराउने ।

ज) दिवा खाजा तयारीको लागी स्वंयमसेवक भान्सेको पहिचान परिचालन गर्ने ।

## १६. विद्यालय दिवा खाजा व्यवस्थापन समिति :

**विद्यालयले तपशिल बमोजिमको विद्यालय दिवा खाजा व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।**

| | |
|---|---|
| क) अभिभावकहरुले छानेको | अध्यक्ष |
| ख) अभिभावकहरुले महिलालाई प्राथमिकता हुने गरी छानेका ५ जना | सदस्य |
| ग) विद्यालयको प्रधानाध्यापक | सदस्य सचिव |

## १७. वडा कार्यालयको भुमिका :

वडा कार्यालयहरुले दिवा खाजा कार्यन्वयनमा देहायको भुमिका निर्वाह गर्नेछ ।

क) विद्यालयहरुलाई चाहिने आवश्यक पुर्वाधारको लागी श्रोतको पहिचान र परिचालन गर्ने ।

ख) विद्यालय र पालिकाको बिचमा पुलको काम गरी सरोकारवाला निकायहरुबिच समन्वय गर्ने ।

ग) तोकिएको मापदण्ड अनुसारको कार्य भएको नभएको अनुगमन गरी सुधारका प्रयास गर्ने गराउने ।

घ) आफ्ना मातहतका विद्यालयहरुलाई दिवा खाजाको लागी वार्षिक रुपमा सामाजिक परिक्षण गराउन सहयोग गर्ने ।

## १८. स्थानिय तह शिक्षा शाखाको भुमिका :

स्थानिय तह शिक्षा शाखाले दिवा खाजा संचालन र कार्यन्वयनमा देहायको भुमिका निर्वाह गर्नेछ ।

क) सम्बन्धित निकाय लगायत शिक्षक,वि.व्य.स र आमासमुहहरुको दिवा खाजा समिति प्रतिनिधिहरुको समन्वयमा तोकिएको मापदण्ड अनुसारको मेनु निर्माण गरी सामाजिक विकास समितिको स्वीकृत लिई कार्यान्वयन गर्ने ।

ख) दिवा खाजा संचालनका लागी एउटा कार्ययोजना तथा वार्षिक बजेट बनाई सामाजिक विकास समितिमा अनुमोदन गराई कार्यापालिकामा स्विकृतको लागी पेस गर्ने ।

ग) दिवा खाजा संचालनका लागी चाहिने मानव श्रोत तथा कर्मचारी आवश्यकता पहिचान गरी सो को व्यवस्थापनको लागी स्थानिय तह कार्यपालिका सँग पहल गर्ने ।

घ) विद्यालयहरुलाई तोकीएको मापदण्ड तथा नियमानुसार मासिक/चौमासिक रुपमा निकासा दिने ।

ङ) विद्यालयले पेस गरेको प्रगती प्रतिवेदनहरुलाई एकिकृत गरी आफ्नो स्थानिय स्तरको प्रतिवेदन तयार गरी पालिका लगाएत अन्य निकायामा पेस गर्ने ।

च) मासिक प्रधानाध्यापक बैठकमा दिवा खाजा विषय सँग सम्बन्धित अनिवार्य रुपमा एउटा विषयवस्तुका रुपमा छलफल गर्ने गराउने र दिवाखाजालाई एउटा साधनको रुपमा उपयोग गरी बालबालिकामा शिक्षाको पहुच सहभागिता र सिकाईमा सुनिश्चित गर्ने खालको क्रियाकलापहरुमा छलफल गराउने ।

छ) दिवा खाजा संचालन तथा व्यवस्थापनमा कार्यरत कर्मचारी तथा अन्य सरोकारवालाहरुको (भान्से वि.व्य.स र शिक्षकहरुको) क्षमता विकासका लागी सम्बन्धित निकायाहरु (जस्तै खाध्य तथा गुणस्तर नियन्त्रण विभाग,शिक्षाका लागी खाध्य परियोजना,परिवार कल्याण महाशाखा आदी) तथा अन्य विकास साझेदारहरु संग समन्वय गर्ने ।

ज) दिवा खाजाको कार्यान्वयन तोकीएको मापदण्ड अनुसारको भए नभएको अनुगमन गरी आवश्यक सल्लाह,सुझाव र सहजीकरण गर्ने गराउने ।



## १९. स्थानिय तह सामाजिक विकास समितिको भुमिका:

दिवा खाजा संचालनमा सामाजिक विकास समितिको संन्वयकारी भुमिकामा रहि निम्न कार्यहरु गर्नेछ ।

क) दिवा खाजाको लागी हुने यस समितिको बैठकमा आवश्यकता अनुसार पालिका अर्न्तगतको कृषि,पशु,सामाजिक सुरक्षा शाखाका प्रमुख लगाएत अन्य सरोकारवालाहरुलाई पनि आमन्त्रण गरी बहुक्षेत्रिय प्लेटफर्म कायम गरी आवश्यक सहयोग र सहकार्यका लागी पहल गर्ने ।

ख) शिक्षा शाखाले पेस गरेको दिवा खाजाको कार्ययोजना र बजेट माथी आवश्यक छलफल गरी अनुमोदित गर्ने र कार्यपालिकामा स्विकृतको लागी पहल तथा समन्वय गर्ने ।

ग) दिवा खाजालाई स्थानिय स्तरको उत्पादनमा आधारित बनाउन पालिका कृषि शाखाको सहयोगमा कृषि सहकारी,सहकारी वा किसान समुहहरुलाई आवश्यक प्राविधिक तथा अन्य सहयोगहरु दिलाउन पहल गर्ने ।

घ) दिवा खाजा संचालनमा अन्य क्षेत्रको समेत भुमिका पहिचान गरी प्राविधिक आर्थिक तथा अन्य सहयोग वा सहकार्यको लागी पहल गर्ने ।

ङ) दिवा खाजा संचालनको लागी चाहिने थप नीति नियम योजना तथा कार्यक्रमहरुको मस्यौदा तयार गरी स्विकृतको लागी कार्यपालिकामा पेस गर्ने ।

च) प्रत्येक चौमासिकमा कम्तिमा एक पटक आफनो मातहतको सम्पुर्ण विद्यालयहरुलाई सयुक्त अनुगमन गरी अनुगमनमा देखिएको विषयवस्तुलाई छलफल गरी समस्याहरुको समधान गरी दिवा खाजालाई प्रभावकारी बनाउन पहल गर्ने ।

## २०.स्थानीय तह गाउँ कार्यपालिकाको भुमिका :

दिवा खाजा संचालन,व्यवस्थापन र कार्यान्वयनको लागी स्थानीय तहको गाँउ कार्यपालिका नीती निर्धारण तथा अन्तिम निर्णय गर्ने निकाय रहनेछ र देहाय बमोजिमको भुमिका रहनेछ ।

क) सामाजिक विकास समितिबाट पेस भएको नीती,नियम,योजना तथा कार्यक्रमहरुको मस्यौदा माथी छलफल गरी आवश्यक परिमार्जन सहित स्विकृत गर्ने ।

ख) शिक्षा शाखाबाट प्रस्तुत भएको दिवा खाजाको कार्ययोजना वार्षिक बजेट लाई स्विकृत गर्ने ।

ग) संघिय सरकारकाट प्राप्त रकम बाहेक दिवाखाजाको व्यवस्थापनलाई चुस्त दुरुस्त गर्न थप बजेटको व्यवस्थापन तथा बाँडफाँड गर्ने ।

घ) दिवा खाजा व्यवस्थापनलाई प्रभावकारी गर्न यस स्थानिय तह अर्न्तगत भएको शाखाहरुमा फोकल कर्मचारी तोक्ने वा आवश्यक कर्मचारी काममा खटाउने ।

ङ) दिवा खाजाको लागी चाहिने आवश्यक पुर्वाधारको विकास गर्न गैर सरकारी संघ संस्था नीजी क्षेत्र दातृ निकायहरु सँग सहयोगको लागी आवश्यक सहकार्य गर्ने ।

च) दिवा खाजको विस्तार तथा गुणस्तरको लागी चाहिने श्रोतको लागी प्रदेश सरकार सँग सहयोगको लागी पहल गर्ने ।

छ) आफनो मातहतको सम्पुर्ण निकाय तथा विद्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

## परिच्छेद-६
### दिवा खाजाको लागी चाहिने आवश्यक स्रोतको लागी लागत साझेदारी

२१. विद्यालय दिवा खाजा व्यवस्थापनका लागी नेपाल सरकार प्रदेश सरकार सहित स्थानिय तह र सहयोगी संस्था र अभिभावक बिच सहकार्य र साझेदारी गरीने छ ।

२२. दिवा खाजा व्यवस्थापनका लागी स्थानिय सहकारी,आमा समुह,क्याटरिङ संचालक,कृषक समुहसंग आवश्यक वित्तिय, व्यवस्थापकीय तथा लागत साझेदारी गर्न सकिनेछ ।

### विविध

१. संसोधन : यस कार्यविधिमा आवस्यकता अनुसार गाउँ कार्यपालिकाबाट संसोधन गर्न सकिने छ ।

२. **अमान्यः** यो कार्यविधि संघिय र प्रदेश कानुन सगँ बाझिएको अवस्थामा यो कार्यविधि अमान्य हुनेछ

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिताकोट,जुम्ला कर्णाली प्रदेश,नेपाल २०७३



## अनुसुची-क
तातोपानी गाउँपालिका
शिक्षा शाखा

### चौमासिक प्रगती विवरण तथा अनुदान निकासा फारम
**(चौमासिक विवरणका आधारमा तथ्याङ्क भर्नुपर्ने)**

विद्यालयको नाम :................................. वडा

अघिल्लो चौमासिकमा विद्यालय सन्चालित दिन : खाजा उपभोग भएको जम्मा दिन

**क) अघिल्लो चौमासिकको विद्यार्थी संख्या**

| विवरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| जम्मा भर्ना | | | |
| जम्मा उपस्थित दिन | | | |
| खाजा उपभोग भएका दिनको जम्मा उपस्थिती | | | |

ख) पछिल्लो मौज्दातको र आगामी निकासाको विवरण

| विवरण | रकम रु हजारमा | खाध्य सामाग्री १ (के.जी) | खाध्य सामाग्री २ (केजी) | खाध्य सामाग्री ३ (केजी) | खाध्य सामाग्री ४ (केजी) |
|---|---|---|---|---|---|
| गत चौमासिकको मौज्दात | | | | | |
| गत चौमासिक प्राप्ती | | | | | |
| गत चौमासिकको खर्च | | | | | |
| बचत र मौज्दात | | | | | |
| जम्मा विद्यार्थी भर्ना | | | | | |
| आगामी चौमासिकमा खाजा उपभोग हुने जम्मा दिन | | | | | |
| प्रतिदिन प्रति विद्यार्थी लागत रकम र आवश्यक खाध्य सामाग्री | | | | | |
| परिमाण दर | | | | | |
| आवश्यक खाध्य | | | | | |



तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिताकोट,जुम्ला कर्णाली प्रदेश,नेपाल २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| सामाग्री परिमाण र रकम | | | | | |
| जम्मा मौज्दात वचत | | | | | |
| निकासा हुनुपर्ने रकम र खाद्य सामाग्री परिमाण | | | | | |

वि.व्य.स अध्यक्षको नामः
सहि सहि
सामाग्री बुझिलिनेको नाम
विद्यालयको छाप

खाध्य सामाग्री वा निकासा गर्ने अधिकारीको नाम
सहि



## अनुसूची ख
## खरिद समितिले तयार गर्नुपर्ने खरिद योजनाको विवरण

विद्यालय पालिका वडा नं

क) खाध्य सामाग्री परिमाण र लागत अनुमान मिति :

| निर्धारित खाद्य टोकरी परिकार | ....वर्षमा खाजा उपभोग हुने अनुमानित दिन | खाजा परिमाणको दर | जम्मा विद्यार्थी भर्ना | आवश्यक पर्ने सामाग्रीको परिमाण | खरिद गर्नुपर्ने खाद्य सामाग्रीको परिमाण | खरिद गर्नुपर्ने खाद्य सामाग्रीको वास्तविक परिमाण | अनुमानित मुल्य एकाई दर | अनुमानित जम्मा मुल्य | सामाग्रीको गुणस्तर विवरण (ब्राण्ड राम्रो असल) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची ग

**विद्यालय खाजाका लागी खाध्य सामाग्री आपुर्तीकर्ता र विद्यालय पालिकाविच भएको सम्फौता**

बोलपत्र नं.......................

विद्यालय र पालिकाको नाम:....................................... वडा नं...........

आपुर्तीकर्ताको नाम .................. ठेगाना...................... सर्म्पक नं ..................

तल उल्लेखित सर्त अनुसार तालिका क वमोजिमका खाध्य सामाग्रीहरुको खरिद तथा आपुर्ती गर्ने दुबै पक्ष सञ्जुर भई यो सम्फौता आज ............................का दिन माथि भनिएका विद्यालय र पालिका र आपुर्तीकर्ता विच सम्पन्न भएको छ ।

तालिका क : खरिद तथा आपुर्ती गरीने खाध्य सामाग्रीहरु

| क.स | खाध्य सामाग्री | खाध्य सामाग्रीको प्रकार | जम्मा परिमाण | एकाई मुल्य दर रु | जम्मा मुल्य रु | आपुर्ती समय र तरिका |
|---|---|---|---|---|---|---|
| क) अन्न | | | | | | |
| | | | | | | |
| ख) दाल तथा गेडागुडी | | | | | | |
| | | | | | | |
| ग) हरियो सागपात | | | | | | |
| | | | | | | |
| घ) अरु तरकारी | | | | | | |
| | | | | | | |
| ङ) जरा तथा कन्दमुल | | | | | | |
| | | | | | | |
| च)फलफुल | | | | | | |
| | | | | | | |
| छ) वदाम | | | | | | |
| | | | | | | |
| ज) अण्डा | | | | | | |
| | | | | | | |



## अनुसूची-घ

**दिवा खाजाका लागी साप्ताहिक मेनु**

| क.स | वार | परिकार | कैफियत (विकल्प) |
|---|---|---|---|
| १ | आईतवार(पहिलो दिन) | खिचडी | मकैको वा चामल वा सुजीको हलुवा |
| २ | सोमवार(दोस्रो दिन) | खीर साग तरकारी | चिउरा र गेडागुडी |
| ३ | मंगलवार(तेस्रो दिन) | क्याटी वा गेडागुडी | मकैको सैया र भटमास |
| ४ | बुधवार(चौथो दिन) | अण्डा वा मासु र भुटुवा भात | भुटेको मकै वा भटमास |
| ५ | बिहिवार(पाँचौ दिन) | हलवा | स्वास्थ्य मन्त्रालयवाट स्वीकृत खाजा |
| ६ | शुक्रवार(छैटौ दिन) | दाल भात तरकारी | |

आज्ञाले
तीर्थ वहादुर कठायत
प्रमुख प्रशासकीय अधिकृत